(यात्रा-संस्मरण)

# सुन कमाउने नूनका जमिन्दारहरु

-उज्ज्वल जी.सी.

पहिलो पल्ट भारतको गुजरात र राजस्थान भ्रमणमा जाँदा मैले नून खानिहरुको विस्तृत अवलोकन गर्ने अवसर पाएको थिइनँ । नूनसँग सम्बद्ध कर्मचारी भएर पनि यससम्बन्धी कसैले राखेका जिज्ञासाहरुप्रति अनभिज्ञता प्रकट गर्नुपर्दा कहिलेकाहीं खिन्नताबोध हुने गर्थ्यो मलाई । यसपालि अर्थात् २०५७ सालमा भने अफिसको काम बोक्दै मेरा एक मित्रसहित पुनः गुजरात राज्यका बिभिन्न स्थानहरुको भ्रमणमा जाँदा मैले अत्यन्तै नौला अनुभवहरु सँगाल्न पाएँ । अफिसको काम निप्टचाउनुपर्ने जिम्मेवारी र भ्रमणस्थलबाट आर्जन गर्नुपर्ने ज्ञानहरु मेरा लागि चुनौती नै थिए । तर यी दुबैलाई सन्तुलनको तराजुमा राख्दै सफलताको शिखर पुग्न केही हदसम्म सक्षम भएँ म । यस्तै सुअवसरहरु अब दुईचार पटक मिलेमा नूनसम्बन्धी सानो पुस्तक नै तयार गर्न सक्ने बलियो विश्वासको जन्म भएको छ मभित्र ।

के गर्ने हाम्रो देशलाई प्रकृतिले जलश्रोतको अमूल्य माला पहिऱ्याइदिए पनि निर्धक्कपूर्वक स्वदेशको नून खान पाउने सौभाग्यबाट भने वञ्चितै गराएको छ । तर नेपालमा नून नै उत्पादन हुँदैन भनेर कुनै विदेशीसँग नाक खुम्चयाउनुपर्ने स्थिति भने छैन । मुस्ताङ नर्सिङ खोलामा वार्षिक उत्पादन हुने ६०-७० मुरी नै किन नहोस्, हामीले यसैबाट झिनो गर्व त गर्न सक्छौं-सक्छौं- 'नेपालको नून' भन्दै । यसो भन्दैमा हाम्रो गौरवले नूनको आवश्यकतालाई परिपूर्ति गर्न भने कहिल्यै सक्दैन । यो सबै नेपालीले ठोकुवा गर्दै भन्न सक्ने कुरा हो । नभए हामीले दैनिक उपभोगमा ल्याउने नून भारतको गुजरात र राजस्थानबाट किन पैठारी गर्नुपर्थ्यो र ?

'खोला तऱ्यो लौरो बिर्स्यो' भनेझैं नून खान पाएपछि त्यसको बारेमा सोचिरहने न त हाम्रो स्वभाव छ न फुर्सद नै । त्यसैले हेर्दा सेता, खाँदा नूनिला, किन्दा सस्ता लाग्ने नून वास्तवमा कहाँ कसरी बन्छ ? भन्ने कुरा प्रायःलाई थाहा नहुन सक्छ । त्यस्ता व्यक्तिहरुको गणनामा आफू पनि पर्ने भएकोले उक्त प्रश्नको उत्तर पहिल्याउने जमर्कोसहित जब म गुजरातको खारागोडा पुगेँ त्यहाँ नून उत्पादन गर्ने बिभिन्न व्यक्तिहरुसँगको भेटघाट, उनीहरुबाट पाएको मित्रवत् व्यवहारले एक किसिमको मजा त मिल्यो नै त्योभन्दा बढी मैले नून बनाउने ठाउँको प्रत्यक्ष निरीक्षण गर्न पाएकोमा अपार खुसीको अनुभूति भयो । डाँडा र पाखासँग मितेरी लाउँदै हुर्केको नेपाली ठिटो मरुभूमि भन्न सुहाउने (आँखाले देखेसम्म सम्म परेको) जमीनको बीचमा पुग्दा कताकता अति दुर्गम जिल्ला निवासीले काठमाडौंको व्यस्त शहर देखेजस्तै 'जिल्लाराम' पर्नु कुनै अस्वाभाविक त थिएन । तर मैले त्यो कमजोरी छर्लङ्गिनबाट सकेसम्म आफूलाई बचाएँ । त्यहाँको सम्म परेको जमीन (जसलाई 'रन' भनिँदोरहेछ)को माझमा अगरिया जातिका मजदूरहरुले कडा परिश्रमका साथ २० देखि २५ फिटको गहिराइमा कुवा खन्दा रहेछन्, कुवाबाट पानी निस्कनु उनीहरुको लागि सौभाग्य नै हुँदोरहेछ । कहिलेकाहीं अथवा भनौं भाग्यले साथ नदिएको बेला दशौं कुवा खन्दा पनि पानी ननिस्केर मेहनती अगरियाहरुको परिश्रम सबै 'बालुवामा पानी पोखिए सरह' खेर जाँदो रहेछ । ती अभागी श्रमिकहरुले जमीनबाट निकालेको नुनिलो पानी (Brine) नै हाम्रो जिब्रोलाई स्वादिलो बनाउने नूनको मुख्य स्रोत रहेछ । त्यो नूनिलो पानी अन्दाजी एक-डेढ फिट उँचाइको ठूलो पोखरीमा जमाइएपछि २०-२५ दिनसम्म फलामको पन्युँले चलाउनु पर्दो रहेछ । यस अवधिमा बाहिरी तापक्रमले पानी बाफ हुँदै उडेपछि सोडियम क्लोराइड (Sodium Chloride) को मात्राले नूनको रुप धारण गर्ने रहेछ । तर गान्धीधाम,भावनगर,पोरवन्दर आदि स्थानमा भने 'कुवा' खन्ने झन्झट हुँदो रहेनछ । समुद्रको पानी वाटर-पम्पद्वारा पोखरीमा ल्याइएपछि आवश्यक प्रक्रियापश्चात् नै नून बन्ने भएकोले यहाँका अगरियाहरुलाई खारागोडाको तुलनामा धेरै भाग्यमानी नै मान्नु पर्ने हुन्छ । नून बन्ने अवधिलाई प्रश्नको रुपमा एक व्यक्तिसँग सोद्धा,'अगरियाहरु त दिनरातै यसमा जुटेका हुन्छन्,तर पानीमा सोडियम क्लोराइडको मात्रा के कति हुन्छ त्यसमा निर्भर पर्छ । जति बढी सोडियम क्लोराइड हुन्छ त्यति चाँडो वातावरणको तापक्रमले पानी वाष्प भई उडेर नून बन्छ' भन्ने सहज जवाफबाट म अवाक् भएँ । पानीले नूनको रुप धारण गर्ने प्रक्रिया निश्चय नै मेरो लागि नौलो अनुभव बन्न पुग्यो । हुन त भारत विश्वको नून उत्पादन गर्ने छैटौं ठूलो राष्ट्र भएको जानकारी मैले विभिन्न नून कम्पनीहरुका प्रोफाइलबाट थाहा पाइसकेको थिएँ । वार्षिक १ करोड मे.ट.नून उत्पादनमध्ये गुजरात राज्यले मात्र ६४ प्रतिशत ओगट्ने तथ्य भेटिंदा मेरो ज्ञानको भण्डार एक तह वृद्धि हुन पुग्यो । कुल नून उत्पादन परिमाणमध्ये ७७ प्रतिशत समुद्रको पानी र २३ प्रतिशत कुवाबाट निकालिएको पानीले पूरा गर्दोरहेछ । शायद हाम्रो जस्तो भूपरिवेष्ठित राष्ट्र भएको भए यो सौभाग्य भारतलाई कहाँ मिल्थ्यो र ?

भ्रमणकै सिलसिलामा गुजरातको मलिया,धाराङ्गधरा,भावनगर,गान्धीधाम,पोरबन्दर आदि स्थानहरुमा नूनका ढिस्काहरु(पहाडझैं लाग्ने) देख्दा मलाई साँच्चै नै ती नूनका मालिकहरु पूर्वजन्ममा असंख्य दान-धर्म गरी यस जन्ममा सोको प्रतिफल थाप्न आएका भाग्यमानी मानव हुन् कि भन्ने आभास भयो । झन् पोरबन्दरमा नूनको साथसाथै भारतको स्वतन्त्रतासंग्रामका महापुरुष महात्मा गान्धीको जन्मघर,त्यसभित्रको साधारण कोठा,कोठाभित्रको जन्मस्थान (रातो माटोले लिपेर राखिएको) देख्न पाउँदा

मलाई झट्ट एक यथार्थबोध भयो कि सच्चा मानव बन्न कुलघरानमै अर्थात् महलमै जन्मनु पर्दो रहेनछ भन्ने । एक साधारण घरमा जन्मेका गान्धी आज भारतका सर्वपूज्य मानव मात्र नभई विश्वको लागि नै स्मरणयोग्य व्यक्तित्व त्यसै बनेका होइनन् । 'कर्मको नै छ सुपूजन' भन्ने सिद्धान्तले नै मोहनदास करमचन्द गान्धीलाई महात्मा गान्धी बनाएको हो । आखिर यस्ता निस्वार्थी,त्यागी,स्वतन्त्रताका जन्मदाताले समेत गोली खाएर अकाल मृत्यु-वरण गर्नु पर्ने ? धन्य छ विधिको विडम्बना । हाम्रा युगकवि सिद्धिचरण श्रेष्ठले कोरेका कविताको निम्न चार पङ्क्ति सम्झन पुगेको थिएँ मैले अनायासै :

**संकट पर्दछ मानिसलाई ढुङ्गालाई के पर्छ ?**
**असिना आई फूलबारीमा फूलहरु पहिले झार्छ**
**जसको छाती जत्ति छ विशाल उति नै संकट उसलाई**
**गोली लाग्दछ गान्धीलाई केही हुँदैन अरुलाई ।**

त्यसपछि मेरो मस्तिष्कले पुनः नूनकै भाग्यमानी मालिकहरुको सम्झना गर्न थाल्यो । समुद्रको पानीबाट बनेको नून बिक्री गरी वार्षिक लाखौं-लाख आर्जन गर्ने यी धनपतिहरुका आलिशान भवन,गाडी एवं सयौं बिघा जमीन देख्दा मेरा आँखाहरु क्षणिक तिर्मिराइछोडेथे । अपार सम्पत्तिका मालिक भए पनि आफ्ना बाबु-बाजेले गरी आएका व्यवसायप्रति यिनीहरुमा देखिएको लगनशीलता र उत्साह भने मान्नै पर्ने खालको रहेछ । समुद्रबाट पानी वाटर-पम्पले आफ्नो जमीनमा ल्याई निश्चित प्रक्रियापश्चात् प्राकृतिकरुपले तयार हुने अति सस्तो नूनको व्यापारबाट फलिफाप भएकामध्ये भावनगर साल्ट्सका सन्तोष भाइ,ओसवाल साल्ट्सका अशोकभाइ, वेलब्राइनका हरिभाइ, जसवन्त सेठ साथै त्यस क्षेत्रका अन्य धेरै नूनका जमिन्दारहरुमा आडम्बरीपन भनेको जसरी रत्ति देखिँदैन त्यसरी नै उनीहरुको सौहार्दता,व्यापारिक इमान्दारिता,कुशलता र कूटनैतिकताबाट जो कोही प्रभावित नहोलान् भन्न सकिन्न । यो मीठो सत्य हो । पराईको कुरा एकाग्र भई सुन्नु,महत्व दिनु,व्यक्तित्वको तारीफ गर्नु प्रायः गुजरातीहरुको एक विशेषता नै हो भने पनि हुन्छ । यो तथ्य मैले परिचय आदान-प्रदान गर्ने क्रममा पत्ता लगाएको हुँ । आफ्नो नाम,अफिसको दर्जाका अलावा साहित्यिक व्यक्तित्व पनि छर्लङ्गचाइदिंदा उनीहरु अझ बढी प्रभावित भएका थिए -मदेखि ।

काठमाडौं बाहेक स्वदेश र विदेशमा साहित्यकर्मीहरुको सम्मान बेसी हुने अनुभव योभन्दा पहिले मैले धेरै ठाउँमा गरिसकेको छु । 'नजीकको तीर्थ हेला' भनेझैं जुन स्थानमा रही साधना गरिएको छ,त्यो स्थानमा आफ्नो इज्जत खोज्दै हिँड्नु पर्ने बाध्यता मजस्तै मेरा अरु साथीहरुलाई पनि नभएको होइन । तर शिक्षित गुजराती कुबेरहरुबाट दर्शिएको मौखिक अभिनन्दनहरुले आफ्नै देश तथा समाजका साहित्यिक माननीय भनाउँदाहरुबाट हुने पनपक्ष र घात-प्रतिघातको परम्परालाई चटक्कै बिर्सन मलाई बाध्य तुल्यायो । र केही क्षणकै लागि भए पनि तनावमुक्त भएँ म । अर्को उल्लेख्य कुरा के हो भने धन,पद र बुद्धिको मातमा प्रायः मानिसहरुले देखाउने आडम्बरीपन गुजरातीहरुमा जुन कोणबाट खोजे पनि भेटिँदैन । यस्तो गुण संसारका सबै मानिसहरुमा हुने हो भने गोला,बारुद,मिसाइलको अस्तित्व के नै रहन्थ्यो र ? आणविक भट्टीका लागि दैनिक लाखौं डलर किन खर्च गर्नुपर्थ्यो र ?

यी आडम्बरविहिन गुजरातीहरुको सुन्दर,शान्त शहर भावनगरमा तीन रात बितेको मलाई तीन घण्टाझैं लाग्यो । कामको तनावबाट मुक्ति पाउनासाथ मेरो भित्रीहृदयले भगवान द्वारिकाको स्मरण गर्न पुग्यो । काठमाडौंबाट प्रस्थान गर्नु अगावै अफिसका केही मित्रहरुले 'भावनगर पुगेपछि त द्वारिका जान नभुल्नुहोला है !' भनेर भनेका शब्दहरु मनभित्र सल्बलाउन थाले । हुन त आफूले गरेका कुकर्महरु चोख्याउन वा मेटाउन विभिन्न देवदेवीका मठमन्दिरहरु धाउन खप्पिस हामी नेपालीहरुमध्ये जो कोही पनि भारत-भ्रमणमा जाँदा त्यहाँका प्रसिद्ध मन्दिरहरुमा घण्टौं लाम लागेरै भए पनि दर्शन गर्न चुक्दैनौं । भगवान्सँग गरेका प्रार्थनाहरुबाट आफ्नो कुकर्म पखालिने अर्थात् पापबाट मोक्ष भएको विश्वास गर्ने हामीहरुको अन्धविश्वास दिन-प्रतिदिन मौलाउँदै गएको जो कसैले अनुभव गरेकै कुरा हो । तर त्यो अन्धविश्वासमा म विश्वास गर्दिन भन्दा कतिपयलाई चित्त नबुझ्न पनि सक्छ । किनभने आफू सज्जनको पङ्क्तिमा छु भनी दावी गर्ने व्यक्ति विद्वतवर्गका आँखामा मूर्ख ठहरिन्छन् । तर जे होस्,मभित्र द्वारिका भगवान्को दर्शन गर्ने उत्कट अभिलाषा स्वभाविक रुपमै पलाएको हो । आफ्नो सनातन धर्मप्रति आस्था राख्नु जो कोही आस्तिकहरुको विशेषता पनि हो । पशुपतिनाथको पुण्यभूमिमा जन्मन पुगेकोले होला शायद ममा ईश्वरप्रतिको भक्ति बाल्यकालदेखि नै अटूट रुपमा रहँदै आएको छ । 'भक्तलाई भगवान्ले सधैं दया गर्छन्' भनेर मेरा बुबाले सानोमा सुनाउनु भएको कथासँगै साक्षात्कार भावनगरमै गरैं मैले । दुःखमा नआत्तिएका,सुखमा नमात्तिएका गुजराती सेठहरुमध्ये विशेष गरी सन्तोषभाइले भावनगरदेखि ८०० कि.मि. टाढा हिन्दुहरुको पवित्र तीर्थस्थल द्वारिका भगवान्को दर्शन गर्ने मेरो अभिलाषा पूर्ण गराइदिन जुन सहयोग गर्नुभयो त्यसको लागि जीवनमा द्वारिका पुगेको स्मरण गर्दा उहाँको नाउँ मात्र लिएर पुग्दैन,मुरीमुरी धन्यवाद पनि दिनु पर्ने हुन्छ मैले । अन्यथा उहाँले द्वारिकासम्म एक सहायक म्यानेजर (नाथुभाइ) लाई पथ-प्रदर्शकका रुपमा ३ (तीन) दिनसम्म साथै पठाई त्यस क्षेत्रको विविध जानकारी दिलाउन खोज्नुभएको अथक प्रयास निरर्थक,मूल्यहीन हुन जान्छ, उहाँप्रति घोर अन्याय हुन्छ र म पनि पापी नै ठहर्छु । आफ्ना 'बाबु' भन्न सुहाउँदो उमेरका नाथुभाइले यात्राभर अतीतका तीता-मीठा कुराहरु सुनाएको क्षण, भावनगर र द्वारिकाको करीब बीचतिर पर्ने प्रसिद्ध सोमनाथको मन्दिरमा आरती गर्दाको क्षण,द्वारिका भगवान्को मन्दिर पुग्न १०/१५ मिनेट मोटरबोटमा तीर्थालुहरुसँगै बस्दाको क्षण र भगवान्को सामीप्यमा खडा भई प्रार्थना गर्न पाएका क्षणहरु निश्चय नै मेरो जिन्दगीमा अविस्मरणीय बन्न गएका छन् ।

द्वारिकामा एकरात बिताई भोलिपल्ट नाथुभाइले म र मेरा एक सहयात्रीलाई राजेन्द्रनगरसम्म पुऱ्याइदिए । उनको व्यवहार र अमीट सम्झना हृदयमा बोक्दै हामी बसबाट दिल्ली आयौं । मैले बसको सिटमाथि तखतामा राखेको सानो सुटकेस बाटोमा बस

उफ्रँदा अचानक झरेर मेरो टाउकोमा बज्रन पुग्यो । एक छिन त बेहोश जस्तै भएँ । आफ्नो दुखाइभन्दा पनि सिट अगाडि बसेकी एक वृद्धाको टाउकोमा परेको भए तिनको हालत के हुन्थ्यो ? मलाई यात्रीहरुले के गर्थे ? भन्ने तर्कनाहरु मथिङ्गलभित्र अझै ताजै छन् । जे जस्तो भए पनि करीब २०/२२ दिनको नूनसम्बन्धी अध्ययन-भ्रमण मेरा लागि हर कोणले उपलब्धिमूलक बन्न पुग्यो । तीता-मीठा थुप्रै अनुभव र स्मृतिहरु बोक्दै आफ्ना दिल्लीका हाकिमसँग छुट्टिएर शाही नेपाल वायुसेवा निगमको जेटमार्फत् जब म अन्तर्राष्ट्रिय विमानस्थल उत्रिएँ, स्वदेशको स्पर्शले छातीभित्र खुशीका लहरहरु बेतोडले छचल्किन थाले । अस्तु ।